# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश ,नेपाल

## सडक मर्मत संम्भारकर्ता आवश्यकता सम्बन्धी सुचना

## सूचना प्रकाशित मिति: २०७६।०९।१५

## सूचना नं. २३।२०७६/७७

पुर्वाधार विकास कार्यालय प्युठान अन्तर्गत रुकुम जिल्लामा ग्रामिण सडक मर्मतको लागि आर्थिक वर्ष २०७६।०७७ को लागि निम्न सडकहरुमा सडक मर्मत सम्भारकर्ता आवश्यक परेकाले छनौट प्रक्रिया अगाडि बढाइदिनका लागि पुर्वाधार विकास कार्यालय प्यूठानको च.नं. ४९०, मिति २०७६।०९।१० को पत्रबाट अनुरोध भए बमोजिम तपशिल योग्यता पुगेका व्यक्तिहरुको लागि दरखास्त आवाहान गरिन्छ । इच्छुक व्यक्तिहरुले यस कार्यालयमा नागरिकताको सङ्कल प्रतिलिपि लिइ आफै उपस्थित भई दरखास्त विवरण सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र दर्ता गराउनुहुन अनुरोध गरिन्छ । समय अवधि पछि आएको दरखास्त दर्ता गरिने छैन ।

तपशिल

| क्र सं | बाटोको नाम | लम्वाई | आवश्यक सडक मर्मत सम्भारकर्ता |
|---|---|---|---|
| १ | धपे -नाथिगार -धाउने | १४ कि मी | ७ जना |
| २ | धाउने रुकुमकोट -धौलापैरा | ४ कि मी | २ जना |
| ३ | पिपल- पोखरा- ढाँका -दादिङ | १० कि मी | ५ जना |

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्ड**

**१. प्राविधिक मापदण्डहरु**

- उमेर कम्तिमा १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ ।
- शारिरीक र मानसिक रुपमा स्वस्थ हुनुपर्नेछ ।
- सडक नजिकको वासिन्दा हुनुपर्नेछ ।

**२. सामाजिक मापदण्डहरु**

- अन्य स्थायी वा अस्थायी रोजगारीमा संलग्न नभएको तथा वेरोगार हुनुपर्नेछ ।
- महिला दलित जनजातिलाई विशेष प्रोत्साहन दिइनेछ ।
- कम्तिमा पनि ४० प्रतिशत दलित तथा जनजातीलाई प्राथमिकता दिइनेछ ।
- वेरोजगार युवाहरुलाई प्राथमिकता दिइनेछ।

**३. दरखास्तदिने अन्तिममिति,समय र स्थान**

- अन्तिम सम्पर्क मिति ;- २०७६।०९।२१
- समयः कार्यालय समय
- सम्पर्क स्थान सिस्ने गाउँपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पूर्व)।

नोटः सेवा सुविधा र छनौट प्रक्रिया सम्बन्धी व्यवस्था पूर्वाधार विकास कार्यालय प्यूठानले तोके बमोजिम हुनेछ ।

२०७६।९।१८

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत